# सभापोखरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ५६ प्रकाशन मिति :२०७९ जेष्ठ ०५ गते

## भाग- २

## सभापोखरी गाउँपालिका

## ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

आज्ञाले,
मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत

# सभापोखरी गाउँपालिकाको

# ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०३/०५**
**प्रमाणीकरण मिति :२०७९/०३/०५**

**प्रस्तावना**

सभापोखरी गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीय गाउँबासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाकहरुको विकास कार्यक्रमहरुमा माग भएअनुसार स-शुल्क प्रयोग गर्नका लागि सभापोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यस कार्यालय सँग रहेको ब्याक-हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो कार्यविधि स्वीकृत गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भः**

क) यो कार्यविधिको नाम "सभापोखरी गाउँपालिकाकको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रह‌ेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "ब्याक-हो लोडर" भन्नाले यस सभापोखरी गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याक-हो लोडर मेशिनलाई सम्झनु पर्दछ। यस कार्याविधिमा ब्याक-हो लोडरलाई "मेशिन" समेत भनी सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले सभापोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

घ) "गाउँसभा" भन्नाले सभापोखरी गाउँ कार्यपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ।

ङ) "अध्यक्ष" भन्नाले सभापोखरी गाउँ पालिकाको कार्यपालिको अध्यक्षलाई सम्झनु पर्नेछ।

च) "उप ाध्यक्ष" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

छ) "गाउँ कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएका उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सभापोखरी गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

झ) "इन्जिनियर" भन्नाले सभापोखरी गाउँ कार्यपालिकाको कार्यालयका इन्जिनियरलाई सम्झनु पर्दछ।

ञ) "कार्यालय" भन्नाले सभापोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ट) "कोष" भन्नाले ब्याय-हो लोडर सञ्चालनका लागि स्थापना गरिएको कोष अथवा (Fund) लाई सम्झनु पर्दछ।

ठ) "अपरेटर" भन्नाले गाउँपालिकाले नियुक्ति गरेको ब्याक-हो लोडरको चालक तथा सह-चालकलाई सम्झनु पर्दछ।

**३. सञ्चालन विधि:**

सभापोखरी गाउँ कार्यपालिकाको कार्यालयमा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भए पश्चात मात्र खटाइनेछ :

क) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाबाट गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको फारामका ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ।

ख) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाका माग निवेदन उपर प्रखुम प्रशासकीय अधिकृतबाट आदेश भएपश्चात के-कति समयमका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारका शुल्क अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। तर गाउँपालिकाको वार्षिक कार्यक्रम अन्तर्गतका विकास योजनाका उपभोक्ता समितिको हकमा भने योजना समाप्त भएपछि तोकिएको शुल्क बुझाउन बाधा पर्ने छैन।

ग) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ।

घ) ब्याक-हो लोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहेको छैन।

ङ) निवेदकले माग गरिएको समय भन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल प्रमूख प्रशासकीय अधिकृतलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ।

च) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए बमोजिम हुनेछ।

छ) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरि पुन: कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरणसहित मिटरको अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरुको व्यवस्था गरिने छ।

ञ) गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरि लगत खडा गरिनेछ।

ट) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संघसंस्थाले ब्याक-हो लोडर शुल्क बुझाउँदा कोषको खाता रहेको बैंकमा तोकिएको खाता नं. मा जम्मा गरि सक्कलै भौचर पेश गर्नुपर्नेछ।

ठ) पालिका मातहत बाट संचालन गर्नु पर्ने भएमा संचालक समिति बाट स्वीकृतिलिई आवश्यक प्रक्रिया बमोजिम गर्ने उक्त कामको लागि आवश्यक पर्ने इन्धन कार्लालयले बेहोर्नु पर्ने र खर्च कार्यापालिकामा पेश गरी अनुमोदन गराउने

**४. ब्याक-हो लोडर कोष सञ्चालन सम्बन्धी व्यवस्था :**

क) सभापोखरी गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ। उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखबाट संयुक्त रुपमा गरिने छ।

ख) कोषमा देहाय बमोजिमको रकम आम्दानी बाँधिनेछ।

अ. ब्याक-हो लोडर सञ्चालन बापतको शुल्क।

आ. गाउँसभाबाट विनियोजित रकम।

ग) कोषको लेखापरिण कार्यालयको आन्तरिक लेखा परीक्षण इकाइ तथा महालेखा परीक्षकबाट गरिने छ।

घ) प्रत्येक आर्थिक वर्षमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा गाउँपालिकाको संचित कोषमा आम्दानी बाँधिनेछ।

**५. अपरेटर सम्बन्धी व्यवस्था :**

क) सभापोखरी गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालन गर्न एक अपरेटर र एक सहायक अपरेटर रहने छन।

ख) अपरेटरको नियुक्ति करार कर्मचारी नियुक्त गर्ने कार्यविधि बमोजिम हुनेछ।

ग) अपरेटरको सेवा सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

घ) अपरेटरको जिम्मेवारी तथा कर्तव्य करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

ङ) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ।

**६. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

क) अपरेटरले इन्धन तथा लुब्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फारम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ। इन्धन तथा लुब्रिकेन्टस् खपतका अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपनर्नेछ।

ख) इन्धन तथा लुब्रिकेन्टस् र मर्मत सम्बन्धी सम्पुर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयका जिन्सी शाखामा अद्यावधिक राखिनेछ।

ग) मेशिन बिग्रिएमा बिग्रिएको जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ।

घ) मर्मत सम्भारका कार्य गर्दा/गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ।

**७. ब्याक-हो लोडर सञ्चालन शुल्क :**

| क्रस | कामको प्रकार | ब्याक-हो | कैफियत |
|---|---|---|---|
| १ | सभापोखरी गाउँपालिका क्षेत्रभित्र गाउँ पालिकाको आफ्नो लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | प्रतिघण्टा रु १५००।०० (इन्धन र मू.अ.कर बाहेक) | |
| २ | सभापोखरी गाउँपालिका क्षेत्रभित्र अन्य व्यक्ति निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजजनाहरु | प्रतिघण्टा रु १५००।०० (इन्धन र मू.अ.कर बाहेक) | |

*समितिको सिफारिसमा कार्यपालिकाबाट समय-समयमा ब्याक-हो लोडर सेवा शुल्क परिवर्तन गर्न सक्नेछ।*

- ब्याक-हो लोडर संचालन गर्न माग गर्ने निकाय व्यक्ति वा संस्थाले इन्धनको व्यवस्था आफैले गर्नु पर्नेछ।

**८. ब्याक-हो लोडर सञ्चालन समिति:**

क) ब्याक-हो लोडर मेशिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको एक समिति रहने छ।

| | |
|---|---|
| • गा.पा. अध्यक्ष | संयोजक |
| • पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| • इन्जिनियर | सदस्य |
| • जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ।

ग) समितिको कुल संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

घ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

ङ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था विधेयक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

च) संचालक समितिमा बिवाद आए बाधा अडकाउ फुकाउको निम्ति कार्यपालिका सदस्यहरुले कम्तिमा दुई तिहाई बहुमतको आधारमा निर्णय गर्नेछ।

**९. समितिको काम, कर्तव्य र अधिकार :**

क) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

अ. सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

आ. चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने।

इ. सेवाको बारेका कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

ई. सरोकारवालसँग आवश्यकता अनुसार सेवा बारे समिक्षा बैठक गर्ने।

उ. गाउँ पालिकाको विशिष्टतालाई ध्यानमा राखि सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

ख) समितिको सदस्य- सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**१०. विविध :**

क) मेशिनका माईलमिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।

ख) मेशिन कार्यालयको पुर्ण नियन्त्रणमा रहनेछ। गाउँपालिकाका इन्जिनियर वा जिन्सी शाखा प्रमुखले समेत मेशिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ।

ग) कार्य विधि परिमार्जन तथा संसोधन गर्न परेमा कार्यपालिकाको सदस्यहरु मध्ये कम्तिमा २ तिहाई सदस्यहरुले निर्णय लिनेछ।

## अनुसुचीहरु

अनुसुची-१

**ब्याक-हो लोडर तथा ब्याक हो लोडर माग निवेदन फारम**

अनुसुची-२

**ब्याक-हो लोडर स्वीकृती प्रदान गरिएको फारम**

अनुसूची-३

**(ब्याक-हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा)**

# अनुसुची - १

## माग निवेदन फारम

मिति-.........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सभापोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय ।

विषय- ब्याक-हो लोडर उपलब्ध गरी पाउँ ।

महोदय,

यस सभापोखरी गाउँपालिकाको कार्यालयको ब्याक-हो लोडर देहाय बमोजिमको कामका लागि आवश्यक परेकोले देहायको विवरण भरि माग गरेको छु/छौं। नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडर उपलब्ध गराई पाउँ।

ब्याक-हो लोडर माग गर्नेले भर्ने।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ,संखुवासभा ।

**विषयः जग्गा उपलब्ध गराउन इच्छा जाहेर गरेको सम्बन्धमा।**

| ब्याक-हो लोडर माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम , ठेगाना | कामको विवरण | ब्याक-हो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

................

**माग गर्नेको दस्तखत**

## अनुसूची २

## स्वीकृती प्रदान गरिएको

## सभापोखरी गाउँपालिकाको तर्फबाट भर्ने

**श्री ....................................... .................................. ................ को मिति ............................... को माग निवेदन बमोजिम ब्याक-हो लोडर संचालन सम्बन्धी कार्याविधि २०७९ को अधीनमा रही संचालनका लागि अनुमति दिइएको छ ।**

| गाउँपालिकाबाट खटिने स्थान सम्म लाग्ने अनुमानित | माग गरिएको समय | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

| ............................. | ........................... | ...................................... |
|---|---|---|
| जिन्सी शाखा<br>पेश गर्ने | इन्जिनियर<br>चेक गर्ने | योजना शाखा प्रमुख<br>सिफारिस गर्ने |

**राजश्व शाखाले गर्ने :**

| रसिद नं. र मिति | जम्मा गरिएको | रकम बुझ्नेको |
|---|---|---|
| | | |

...............................

प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत गर्नेको दस्तखत

अनुसूची-३

(ब्याक-हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा)

मिति-.............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सभापोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बाह्रविसे संखुवासभा।
प्रदेश नं. १ नेपाल।

**विषय- ब्याक-हो लोडर मर्मत सम्बन्धमा।**

महोदय,

यस सभापोखरी गाउँ कार्यपालिकाको ब्याक-हो लोडरको तपशिलको पार्टसमा खराबी आई संचालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु।

तपशिल

| समस्या आएका सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटर दस्तखत.................................
नाम थार.....................................

इन्जिनियरले भर्ने:

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकोले सिफारिस गर्दछु।

....................................
दस्तखत